NABIL BANK®

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

मिति : २०८१/०८/०४

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
शान्तिमार्ग, भद्रकाली
काठमाडौं ।

**विषय : ४० औं वार्षिक साधारणसभा तथा शेयरधनी दर्ता किताब बन्द हुने सम्बन्धमा सूचना प्रकाशन गरिएको बारे ।**

महोदय,

उपर्युक्त सम्बन्धमा मिति २०८१/०८/०२ मा बसेको यस बैंकको ६६९औं सञ्चालक समितिको बैठकको निर्णयानुसार मिति २०८१ साल मंसिर २७ गते (तदनुसार १२ डिसेम्बर, २०२४) बिहिबारको दिन बैंकको ४०औं वार्षिक साधारण सभा हुने तथा बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०८/१० गते (तदनुसार २५ नोभेम्बर २०२४), सोमबार १ (एक) दिन शेयरधनी दर्ता किताब बन्द (Book Closure) हुने ब्यहोरा यसअघि मिति २०८१/०८/०२ को पत्रमार्फत् तहाँसमक्ष जानकारी गराइसकिएको छ ।

त्यसैगरी नबिल बैंक लिमिटेडको ४०औं वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८१/०८/०३ गतेको दिन नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको जानकारी गराउँदै सूचनाको विवरण यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

भवदीय,

NABIL BANK® Head Office Teendhara, Kathmandu

विश्वप्रकाश पौडेल
कम्पनी सचिव

**बोधार्थः**

नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं ।

P.O. Box 3729 Teendhara, Durbarmarg, Kathmandu, Nepal
977-1-4227181, 4221718 977-1-4226905 info@nabilbank.com www.nabilbank.com NARBNPKA

# नबिल बैंक लिमिटेडको ४०औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

नबिल बैंक लिमिटेडको मिति २०८१/०८/०२ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरूमा छलफल गर्नका लागि बैंकको ४०औं वार्षिक साधारण सभा बोलाइएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ तथा बैंकको नियमावलीको नियम ४(३)को व्यवस्था अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. मिति, स्थान तथा समय**

मिति : २०८१ साल मंसिर २७ गते, बिहीबार (तदनुसार १२ डिसेम्बर २०२४)।
स्थान : राष्ट्रिय सभा गृह, प्रदर्शनीमार्ग, काठमाडौं।
समय : बिहान १०:०० बजेदेखि।

**२. छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव**

१) सञ्चालक समितिको प्रतिवेदन २०८०/८१ पारित गर्ने।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने।
३) यस बैंकका सहायक कम्पनीहरू नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड र नबिल स्टक डिलर लिमिटेडको आ.व.२०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने।
४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ साल आषाढ मसान्तमा कायम रहेको चूक्ता पूँजीको १० प्रतिशतका दरले हुने रकम रू. २,७०,५६,९९,६७२.९३ (अक्षेरेपी दुई अर्ब सत्तरी करोड छपन्न लाख उनान्सय हजार छ सय बहत्तर र पैसा त्रियान्नब्बे) नगद लाभांश (कर सहित) वितरण स्वीकृत गर्ने।
५) आ.व. २०८१/८२ (२०२४/२५)का लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
६) साधारण सेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २(दुई)को निर्वाचन गर्ने तथा सञ्चालक समितिले संस्थापक सेयरधनी श्री आईएफआईसी बैंक पीएलसी, बंगलादेशको तर्फबाट मनोनित श्री सइद मन्सुर मुस्तफालाई सञ्चालक नियुक्त गरेको निर्णय स्वीकृत गरी अनुमोदन गर्ने।

**(ख) विशेष प्रस्ताव**

१) नियमावलीको नियम ३१(२) र ३१(४) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने तथा संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।
२) नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन)) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।
३) आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने।

**(ग) विविध**

**सञ्चालक समितिको निर्णयानुसार**
कम्पनी सचिव

वि.सं. २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा सञ्चालक समितिको प्रतिवेदन बैंकको वेबसाईट www.nabilbank.com मा र यसै सूचनामा प्रकाशित QR Code मार्फत प्राप्त गर्न सकिनेछ।

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. नगद लाभांश प्रयोजनको निमित्त मिति २०८१/०८/१० गते सेयरधनी दर्ता पुस्तिका बन्द गरिनेछ।
२. सभामा भाग लिन ईच्छुक सेयरधनीले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका सो दिन बिहान ९:०० बजे देखि खुल्ला हुनेछ।
३. सभामा प्रवेशका लागि DMAT Account No. वा आफ्नो परिचय खुल्ने कुनै परिचय पत्रको प्रतिलिपि अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्षभित्र प्रवेश गर्न पाइने छैन।
४. सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने सेयरधनीहरुले आफ्नो सम्पूर्ण सेयरको एउटै प्रतिनिधि हुने गरी प्रोक्सी फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि अर्थात् मिति २०८१/०८/२४ का दिन ९:०० बजेभित्र नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि., नारायणचौर, नक्सालमा दर्ता गरिसक्नु पर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लिखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहनेछ। बैंकका सेयरधनीलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ तथा एकभन्दा बढी व्यक्तिलाई सेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्टयाएर दिइएको प्रोक्सी बदर हुनेछ।
५. सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् मिति २०८१/०८/२५ का दिन बिहान ९:०० बजेभित्र श्री नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि., नारायणचौर, नक्सालमा प्राप्त हुने गरी सो को सूचना पठाउनु पर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लिखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहनेछ।
६. संयुक्त रूपमा सेयर ग्रहण गर्ने सेयरधनीहरुको हकमा सेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा संयुक्त नाम मध्येबाट सर्वसम्मतिमा नियुक्त कुनै एकजना सेयरधनीले वा सर्वसम्मतिबाट नियुक्त प्रोक्सीले मात्र सभामा भाग लिन र मतदान गर्न पाउँनेछ। संस्था/कम्पनीको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनु पर्नेछ।
७. नाबालक तथा मानसिक रुपमा अशक्त सेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नु हुनेछ।
८. छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा सेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय बारे सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत् बैंक सञ्चालक समितिका अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ।
९. सेयरधनी महानुभावहरुले सभामा उपस्थित हुँदा सुरक्षाको दृष्टिकोणले यथाशक्य झोला, प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ। सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्ने व्यक्तिको आवश्यकतानुरूप सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ।

Office of The Municipal
Tikapur, Kailali